

# तल्लो खारे खोला जलविद्युत खबर

पावर हाउसको निर्माण कार्य हुँदै

पौष २०७५, अंक २६

## आयोजनाको हालको निर्माण अवस्था

तल्लो खारे खोला जलविद्युत आयोजनाको हेडवर्क्स तर्फ निर्माण कार्य गर्ने क्रममा निर्माण कम्पनी Atlas Hydro Consortium (Joint Venture)ले बाँध, ईन्टेक, ग्राभेल ट्र्याप, कनेक्टीङ क्यानल, डिस्याण्डर वेसीन र फोरवेमा निर्माण कार्यहरु गरिरहेको छ । उक्त निर्माण कम्पनीले कनेक्टीङ क्यानल र फोरवेको निर्माण कार्य सम्पन्न गरेको छ भने डिस्याण्डर वेसिनको होइस्टीङ र स्पील वे बाहेकको सम्पूर्ण निर्माण कार्य सम्पन्न गरेको छ। यसै गरी ग्राभेल ट्र्यापको निर्माण गर्न आवश्यक excavation भई ढलान गर्ने कार्य भई रहेको छ । उक्त निर्माण कम्पनीले खोलाको पानी under sluice बाट पठाएर बाँधको बाँकि निर्माण कार्य गरिरहेको छ । हेडवर्क्सको निर्माण गर्ने क्रममा २,६११.६८ घनमिटर स्टोन मेसिनरी वाल लगाई सकिएको छ भने ३,९०२.०८ घनमिटर ढलान भइसकेको छ । साथै कुल ४,१३,०१० के.जी डण्डी बाध्ने कार्य सम्पन्न भई सकेको छ।



**डिस्याण्डर बेसीनको inlet गेटको hoisting को लागि आवश्यक ढलान गरिदैं**



**Intake को निर्माण कार्य हुदैं**

हेडवर्क्स तर्फको हाइड्रोमेकानिकल निर्माण कम्पनी क्रिम हाइडेल प्राइभेट लिमिटेडले हेडवर्क्समा आवश्यक गेट तथा स्टपलगको embedded parts र फ्रेमहरु राख्ने कार्य गरिरहेको छ । यसरी फ्रेम राख्ने क्रममा डिस्यान्डर वेसिनको फ्रेम, फोरवेको फ्रेम राख्ने कार्य सम्पन्न भई सकेको छ भने डिस्याण्डर वेसीनको आउटलेट गेट पनि जडान भइसकेको छ । साथै hoisting को लागि प्रयोग हुने समानहरु तयार भई सकेको छ र सो को ढुवानी गर्ने तयारी भई रहेको छ ।

पेनस्टक पाइपतर्फको हाइड्रो मेकानिकल निर्माण कम्पनी नर्थ हाइड्रो एण्ड इन्जिनियरिङ्ग प्रा. लि. द्वारा आयोजना स्थलमा पेनस्टक पाइपका erection गर्ने कार्य गरि रहेको छ। उक्त निर्माण कम्पनीले स्टीलको पाता काट्ने र रोल गर्ने तथा पेनस्टक पाइपको Fabrication गर्ने कार्य सम्पन्न गरि सकेको छ ।

उक्त निर्माण कम्पनीले कुल ३,४२६.५ मिटर पाईप तयार गरिसकेको छ । यसरी तयार गरिएको पाईप मध्ये २०६३.५ मिटर पाईप विच्छ्याउने स्थलमा रङ्ग लगाउने र पहिलो चरणको परिक्षण गर्ने कार्य भई रहेको छ । साथै, रङ्ग लगाई पहिलो चरणको सफल परिक्षण गर्ने कार्य भएका पाईपहरु Erection गरिदैं छ ।

हालसम्म २,०४७.३७ मिटर पाईप erection भई welding/testing भई सकेको छ । साथै उक्त निर्माण कम्पनीले expansion joint पनि साइटमा पुऱ्याई सकेको छ भने bifurcation को fabrication सम्पन्न गरी सफलतापूर्वक Hydraulic Pressure Test गरी साईटमा ढुवानी गरि सकेको छ । साथै उक्त bifurcation को erection गर्नको लागि आवश्यक excavation गरिदै छ ।

पाईप लाइनको सिभिल निर्माण कार्यको लागि निर्माण कम्पनी मस्डीङ्ग देवि/राप्ती हाईड्रो जे. भि. ले आयोजना स्थलमा २,७५९.२ मिटर पेनस्टक पाईप राख्ने ट्रेन्च excavation गरी सकेको छ । Excavation गरिएको २,७५९.२ मिटर मध्ये २,०४७.३७ मिटरमा पेनस्टक पाईप erection को कार्य सम्पन्न भई सकेको छ र ७११.८३ मिटरको Bed बनाउने कार्य भई रहेको छ ।

उक्त निर्माण कम्पनीले सुरी खोलामा साइफनको निर्माण कार्य सम्पन्न गरि सकेको छ । निर्माण कम्पनीले हाल सम्म १५ वटा anchor block को ढलान गरिसकेको छ भने थप १२ वटा anchor block को ढलान गर्ने तयारी गरिरहेको छ । पेनस्टक पाईपको सुरक्षाको लागि ४,०१८ घनमिटरको ग्याबियन वाल पनि लगाइएको छ भने १५,७३०.६४ घनमिटर backfilling गर्ने कार्य भइसकेको छ ।

पावरहाउसको निर्माण कार्य अगाडी बढाउने क्रममा निर्माण कम्पनी माउन्टेन इन्फ्रा कम्पनी प्रा.लि.ले पावर हाउसको machine foundation को ढलान गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । त्यसैगरी पावर हाउसको wall र column ढलान गर्ने कार्य भई रहेको छ भने केन बिमको लागि डण्डी बाँध्ने तयारी भई रहेको छ । साथै पावरहाउसको protection को लागि stone masonary लगाउने कार्य पनि भई रहेको छ ।

हालसम्म machine foundation को २,१२७.३८ घनमिटर ढलान भई सकेको छ। साथै कुल १४,८२६.५ के.जी डण्डी बाध्ने कार्य सम्पन्न भई सकेको छ । यसै गरी पावर हाउसको टेलरेस गेटको फ्रेम राखी ढलान गर्ने कार्य सम्पन्न भई सकेको छ भने Electromechanical तर्फ पनि Embedded parts राखी ढलान गर्ने काय भई रहेको छ ।



**ने.वि.प्रा.द्धारा CT–PT तथा Power Transformer को Inspection सम्पन्न**

पावर हाउसको लागि इलेक्ट्रो-मेकानिकल कार्य गर्नको लागि Flovel Energy Pvt. Ltd.ले Turbine, Draft Tube, EOT Crane, Main Inlet Valve (MIV), Grounding System, Diesel Generator र Embedments Part साइटमा ढुवानी गरि सकेको छ । त्यसै गरि उक्त निर्माण कम्पनीले Generator, CT-PT तथा Power Transformer को fabrication गर्ने कार्य सम्पन्न गरिसकेको छ । उक्त CT-PT तथा Power Transformer को नेपाल विधुत प्राधिकरण (ने.वि.प्रा.)द्वारा inspection गरी ढुवानी गर्ने तयारी भई रहेको छ भने Generator को लागि inspection को तयारी गरिदै छ ।

यस जलविद्युत आयोजनाबाट उत्पादन हुने विद्युत १३२ के. भी. प्रसारण लाइनमार्फत राष्ट्रिय प्रसारण लाईनमा जोडिने छ । उक्त प्रसारण लाइनको लागि आवश्यक निजी जग्गा खरिद गर्ने कार्य सम्पन्न भई सकेको छ भने सार्वजनिक जग्गा नेपाल सरकारबाट बहालमा लिनको लागि आवश्यक कारवाही अगाडि बढाइएको छ । साथै उक्त १३२ के.भी. प्रसारण लाइनको निर्माण कम्पनी मुडभरी एण्ड जोशी कन्स्ट्रक्सन प्रा.लि द्वारा check survey, tower design, foundation design र soil test गर्ने कार्य सम्पन्न भएको छ । साथै उक्त निर्माण कम्पनीले साइटमा Tower Foundation निर्माण गर्नको लागि Mobilization को आवश्यक तयारी गरि रहेको छ ।



बरु गाउँमा पेनस्टक पाईपको erection सम्पन्न गरि ढलान गरिदैं



पेनस्टक पाईपको erection हुदैं

सम्पादक: सबिना कपाली

यूनिभर्सल पावर कम्पनी लिमिटेड

त्रिपुरेश्वर ,काठमाडौं

फोन नं: ९७७-१-४१०१०९७, ४२५१४६३,

ईमेल:info@universalpowercompany.com.np

वेबसाइट:www.universalpowercompany.com.np